# मनोरञ्जन समाचार

## नयाँ फिल्मको तयारीमा केकी

**■ सिन्धुली सौगात**

काठमाडौँ - केकी अधिकारीलाई नेपाली फिल्मकी भाग्यमानी अभिनेत्री भन्ने पनि गरन्छ । एक दशक लामो अभिनय करिअरमा उहाँ अभिनीत अधिकांश फिल्म बक्सअफिसमा पिटिएका छन् । तर, फिल्म नचले पनि उहाँ कहिल्यै कामविहीन हुनु परेन । फिल्म करिअरमा पहिलो पटक 'छ माया छपक्कै' बाट सफलताको सुख प्राप्त गरेकी उहाँले फिल्म निर्माणमा समेत हात हालिसकेकी छन् ।

२०७५ सालमा प्रदर्शनमा आएको फिल्म 'कोहलपुर एक्सप्रेस' लाई केकीले निर्माण गर्नु भएको थियो । तर, फिल्मलाई 'चोरी' को बात लाग्यो । दक्षिण भारतीय फिल्म 'मुम्बई एक्सप्रेस' को कथा हुबहु उतारिएको यो फिल्मले केकीको स्वच्छ छविमा 'चोरी' को दाग लाग्यो । केही समय अगाडि उहाँले यो दाग मेट्न चाँडै मौलिक विषयवस्तुमा फिल्म बनाउने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो ।

अब उहाँ नयाँ फिल्म निर्माणको तयारीमा जुटनु भएको छ । तिहारपछि फिल्म 'परदेशी २' को छायांकनमा व्यस्त हुन लागेको उहाँले आफूले निर्माण गर्न लागेको फिल्मको एक महिनादेखि वर्कसप भइरहेको र अझै २ महिना चल्ने बताउनु भयो । उहाँका अनुसार, फिल्मका लागि सम्पूर्ण कास्ट एन्ड क्रियू फाइनल भइसकेका छन् । फिल्म सामाजिक विषयवस्तुमा बन्ने उहाँको भनाई छ ।

'कोहलपुर एक्सप्रेस' को क्याप्टेनसिप सम्हालेका विशाल भण्डारी 'कमेडी च्याम्पियन २' मा व्यस्त हुने भएकाले फिल्ममा अर्कै निर्देशकको प्रवेश भएको छ । स्थिति सामान्य भएपछि केकी एक कार्यक्रम गरेर फिल्मको घोषणा गर्ने तयारीमा हुनु हुन्छ । 'कोहलपुर एक्सप्रेस' मा चोरीको बात खेपेकी उहाँ नयाँ फिल्मले आफूलाई सिन्सिएर फिल्ममेकरको रुपमा चिनाउनेमा विश्वस्त हुनु हुन्छ ।

## दुई हजार ९०९ जनामा कोरोना पुष्टि

**■ रासस**

काठमाडौँ, - थप दुई हजार ९०९ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । योसँगै कोरोना संक्रमितको संख्या एक लाख ८८ हजार ८८३ पुगेको छ । थप १० हजार १५३ जनाको पिसिआर परीक्षण गरिएको थियो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार हालसम्म एक लाख ५२ हजार ९०८ जना कोरोना मुक्त भइ घर फर्किएका छन् । पछिल्लो २४ घण्टामा देशभर चार हजार पाँच सय संक्रमित निको भएर घर फर्किएका छन् । हाल देशभर ३४ हजार ९०५ जना सक्रिय संक्रमित रहेका छन् । हालसम्म १५ लाख १७ हजार ३४३ जनाको पिसिआर परीक्षण गरिएको मन्त्रालयले जनाएको छ ।

यसैबीच काठमाडौँ उत्यकामा थप एक हजार ३३८ कोरोना संक्रमित थपिएको मन्त्रालयले जनाएको छ । थपिएका संक्रमितमध्ये काठमाडौँका एक हजार ३०, ललितपुरका १८७ तथा भक्तपुरका १२१ जना रहेका छन् । उनीहरूको उपत्यकाका विभिन्न प्रयोगशालामा परीक्षण गरिएको थियो ।

***कोरोनाबाट थप १८ जनाको मृत्यु***

कोरोना संक्रमणबाट थप १८ जनाको मृत्यु भएको छ । योसँगै नेपालमा संक्रमणबाट मर्नेको संख्या १० हजार ७० पुगेको छ ।

## सेनाध्यक्ष नरवणेको भ्रमण सम्बन्ध सुधारमा फलदायी : नेपाली सेना

**■ रासस**

काठमाडौँ, - भारतीय स्थलसेनाध्यक्ष जनरल मनोजमुकुन्द नरवणे नेपालको तीनदिने औपचारिक भ्रमण पूरा गरी शुक्रवार स्वदेश फर्कनुभएको छ । सेनाध्यक्ष नरवणेलाई त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा नेपाली सेनाका बलाधिकृतरथी प्रभुराम शर्माले बिदाइ गर्नुभयो ।

प्रधानसेनापति पूर्णचन्द्र थापाको औपचारिक निमन्त्रणामा नेपाली सेनाको मानार्थ महारथी दर्जा ग्रहण गर्न बुधवार उहाँ यहाँ आउनुभएको थियो । राष्ट्रपति विद्यादेवी भण्डारीले राष्ट्रपति भवन शीतल निवासमा बिहीबार नै आयोजित विशेष समारोहमा सेनाध्यक्ष नरवणेलाई नेपाली सेनाको मानार्थ महारथी दर्जा प्रदान गर्नुभयो ।

भारतीय सेनाध्यक्षले दुई वटा घुम्ती अस्पताल सञ्चालन गर्न आवश्यक चार एम्बुलेन्स, चार भेन्टिलेरसहितका स्वास्थ्य सामग्री एवं उपकरण नेपाली सेनालाई बिहीबार हस्तान्तरण गर्नुभएको थियो । उहाँले बुधबार वसन्तपुर क्षेत्र र पशुपतिनाथको पनि दर्शन गर्नुभएको थियो ।

नेपाल र भारतीय सेनाबीच एकार्का देशका सेनापतिलाई मानार्थ महारथी प्रदान गर्ने परम्परा छ । नेपालका तर्फबाट मानार्थ महारथी प्राप्त गर्ने भारतीय स्थलसेनाध्यक्ष जनरल नरवणे १८औँ सेनापति हुनुहुन्छ ।

***सम्बन्ध सुदृढ गर्न भ्रमण फलदायी***

समकक्षी थापा र सेनाध्यक्ष नरवणेबीच आपसी सुरक्षा चासोका विषयमा भएको खुला छलफलमा दुवै सेनाबीच उच्चस्तरीय भ्रमण र तालीमलगायत अन्य सहयोगका क्षेत्र थप विस्तार गर्दै जाने विषयमा गहन विचारविमर्श भएको सैनिक प्रवक्ता सन्तोषबल्लभ पौडेलले जानकारी दिनुभयो । प्रधानमन्त्री केपी शर्मा ओलीसँग उहाँले आजै शिष्टाचार भेट गर्नुभएको थियो । यसअघि सेनाध्यक्ष नरवणेले आजै शिवपुरीस्थित सैनिक कमाण्ड कलेजमा शिक्षार्थीसँग आफ्नो सैनिक जीवनको अनुभव सुनाउँदै अन्तर्क्रिया गर्नाका साथै हवाइजहाजबाट हिमालय क्षेत्रको दृश्यावलोकन गर्नुभएको थियो । नेपाल र भारतीय सेनाबीच रहिआएको परम्परागत सम्बन्ध सुदृढ गर्न यो भ्रमण फलदायी भएको दुवै सेनापतिले विश्वास व्यक्त गर्नुभएको छ ।

## महामारीमा जुर्मुराउँदै पर्वतारोहण

**■ रासस**

काठमाडौँ, - कोभिड-१९ महामारीले शिथिल पर्यटन क्षेत्रको महत्वपूर्ण पाटो पर्वतारोहण महामारीबीच जुर्मुराउँदैछ । विदेशी विशिष्ठ पाहुना आरोहीको सुखद् आरोहणले नेपालको पर्यटन बजारमा सकारात्मक सञ्चार छाएको छ ।

अहिले हिमाल आरोहणले पर्यटन क्षेत्र चलायमान भएर पर्वतीय पर्यटनमा सकारात्मक सन्देश प्रभाव भएको छ । कतारका राजकुमार शेख मोहम्मद विल अब्दुल्ला ६ हजार ८१४ मिटर अमादब्लम हिमाल आरोहण गर्न १४ सदस्यीय टोलीसहित आमादब्लम आधार शिविर पुग्नुभएको छ । टोलीमा ६ आरोही छन् । यस्तै ६ जना समूहको एक नेपाली टोलीले बरुत्से हिमाल आरोहण गरेको छ । ६ हजार १५१ मीटरको ग्लाल्जेन पीक र सात हजार १२६ मिटर उचाइको हिमलुङ हिमाल आरोहण गर्न दुई समूहले अनुमति लिएका छन् ।

यसअघि बहराइनका राजकुमार नासिर बिन हामिद अल खलिफासहितको रोयल फोर्सको टोलीले आठ हजार १६३ मिटरको मनास्लु हिमाल चढेर कात्तिक पहिलो साता स्वदेश फर्किसकेको छ । विभागको पछिल्लो विवरणअनुसार शरद यामको आरोहण गर्न सात आरोही दललाई अनुमति दिइएको छ । आरोहणबाट कूल रु ३३ लाख ७४ हजार ८२ रोयल्टी उठेको छ । यो याममा आरोहण अनुमति लिएकामा मनास्लुमा दुई, अमादब्लम दुई तथा बरुत्सेमा एक, ग्याल्जेनमा एक र हिम्लुङ्मा दुई आरोही टोली छन् । आरोही नोभेम्बर महिनाभर आउने भएकाले शरद याममा १० देखि १२ समूह पुग्ने विभागको अनुमान छ ।

विभागले पछिल्लोपटक हिमाल आरोहणलाई ४३ जनाको 'अन अराइभल भिसा' स्वीकृतिका लागि अध्यागमन विभागलाई सिफारिस गरेको छ । विभिन्न छ हिमाल आरोहणलाई चासो देखाएका विभिन्न देशका नागरिकका लागि विभागलाई सिफारिस गरिएको निर्देशक नीरा आचार्यले बताउनुभयो । तयसमा भारत, अमेरिका, बेलायत, क्यानडा, यूएई, रसिया, पोल्यान्ड, युक्रेनलगायतका नागरिक छन् । उनीहरु सात दिन होटल क्वारेन्टिनमा बसेर पिसिआर परीक्षण नेगेटिभ आएपछि आरोहणमा जान पाउँछन् ।

महामारीमा स्वदेशी, विदेशीको आरोहणले नेपालको पर्वतीय पर्यटन सुरक्षित रहेको सन्देश विश्वभर फैलाउन सहयोग पुग्ने विभागको पर्वतारोहण शाखा प्रमुख निर्देशक आचार्यले बताउनुभयो । यी आरोहणले आगामी वसन्त यामको आरोहणलाई आधार तयार भएको छ । निर्देशक आचार्यले भन्नुभयो, "अहिले विदेशी विशिष्ट पाहुनाको आरोहण भनेर जसरी सञ्चार माध्यममा आएको छ तर विभागलाई विदेशी मात्र हैन स्वदेशी आरोहीको आरोहण अझ महत्वपूर्ण र सन्देशमूलक छ, विभागले आरोहण अनुमति दिँदा विदेशी पाहुनालाई विशेष अनुमति भन्ने हुदैन, अन्य आरोही सरह अनुमति दिन्छौँ ।"

गत वर्षको शरद याममा एक हजार २१० विदेशी हिमाल आरोहणलाई आएका थिए । सन् २०१९ मा दुई हजार २०० विदेशी आरोहण गर्न आएको बताइएको छ । सरकारले ट्रेकिङ तथा हिमाल आरोहण खुला गरेपछि भएका उच्चस्तरीय पर्यटक आगमनले कोरोनामा पनि विदेशमा नेपाल सुरक्षित गन्तव्य हो भन्ने सन्देश प्रवाह भएको छ । संस्कृति पर्यटन तथा नागरिक उडड्यनमन्त्री योगेश भट्टराईले उच्चपदस्थ विदेशीसहितको हिमाल आरोहणले नेपालको पर्यटन सुरक्षित रहेको सन्देश विश्वजगतलाई प्रवाह गर्न सहयोग पुगेको बताउनुभएको थियो । उहाँले छिट्टै नेपालको पर्यटन पुरानै लयमा फर्कर क्रमशः आर्थिक गतिविधि बढ्ने बताउनुभयो । सरकारले पनि पर्यटनका सबै क्षेत्र खुलाउने तयारी गरेको छ ।

# अन्तर्राष्ट्रिय समाचार

## ट्वीटर नियन्त्रण बाहिर गयो : डोनाल्ड ट्रम्प

**■ रासस/एपी**

वासिङ्टन - अमेरिकी राष्ट्रपति तथा आगामी कार्यकालका लागि पनि राष्ट्रपतिको उम्मेदवार समेत रहनुभएका डोनाल्ड ट्रम्पले ट्वीटर नियन्त्रणभन्दा बाहिर गएको आरोप लगाउनुभएको छ ।

उहाँका गरेका केही ट्वीटहरु सामाजिक सञ्जाल ट्वीटरले नदेखाएकोले उक्त सामाजिक सञ्जालमाथि उहाँ बिहिवारदेखि नै रुष्ट बन्नुभएको छ । उहाँले उक्त सामाजिक सञ्जाल आफ्ना विरुद्धमा गएको र नियन्त्रणभन्दा बाहिर भएको भन्दै निर्वाचन धाँधली भएको र यदि यस्तो कार्य रोक्ने हो भने आफूले निर्वाचन जित्न दाबी गर्नुभएको हो ।

उहाँले भन्नुभएको छ,"यो ट्वीटर नियन्त्रणभन्दा बाहिर गएको छ र यदि मलाई प्राप्त भएका वैध मतहरु मात्र गनियो भने पनि मैले निर्वाचन सजिलै जित्नेछु ।" अवैध मत गनेर आफ्ना प्रत्यासी जोन बाइडेनलाई जिताउने प्रयत्न भएको आरोप उहाँले लगाउनुभएको छ । त्यसैले उहाँले ती राज्यहरुका मतगणनाहरु रोक्नुपर्ने बताउनुभएको छ ।

उहाँले निर्वाचनमा धाँधली भएको भन्दै कतिपय ठाउँमा मतगणना रोक्न र पुनः मतगणना गर्न माग गर्नुभएको छ । यसै विवादसँग सम्बन्धित कतिपय उहाँले गरेका ट्वीटहरु ट्वीटरले नदेखिने बनाएको बताइएको छ ।

बिहीबार नै राष्ट्रपति ट्रम्पले धारणा सार्वजनिक गर्ने क्रममा हुलाकमार्फत गरिएको मतदान एकतर्फी भएको दावी गर्नुभएको थियो । उहाँले हाल मतगणना जारी रहेका राज्यमा मत गणना गर्न रोक्नुपर्ने बताउनुभएको हो ।

यहाँ धेरै अवैध मतदान भएको भन्दै उहाँले मतदानअघि सञ्चार माध्यमहरूले गरेको जनमत सर्वेक्षणलाई राष्ट्रपति ट्रम्पले चुनावी हस्तक्षेपको संज्ञा दिनुभयो ।

# खेल समाचार

## क्रिकेट टोलीको प्रशिक्षण मंसिर दोस्रो सातादेखि

**■ सिन्धुली सौगात**

काठमाडौँ, - नेपाली राष्ट्रिय क्रिकेट टोलीको प्रशिक्षण आगामी मंसिर दोस्रो सातादेखि शुरु हुनेभएको छ । नेपाल क्रिकेट संघ (क्यान) ले प्रशिक्षणका लागि राष्ट्रिय खेलकूद परिषद (राखेप) ले अनुमति दिएको जनाएको छ ।

राखेपबाट प्रशिक्षणको अनुमति पाएपछि छठ पर्वको लगत्तै प्रशिक्षण शुरु हुने क्यानका अध्यक्ष चतुरबहादुर चन्दले जानकारी दिनुभयो । अनुमति पाएपछि क्यानले प्रशिक्षणको तयारी थालेको उहाँले उल्लेख गर्नुभयो । कोरोना भाइरसको महामारीका कारण गत चैतदेखि क्रिकेट खेलाडी प्रशिक्षण विहीन अवस्थामा छन् । आठ महिनापछि खेलाडी सामूहिक अभ्यासमा जुट्ने छन् ।

हाल क्रिकेट खेलाडी काठमाडौँ तथा कतिपय उपत्यका बाहिर रहेका छन् । प्रशिक्षण अघि सबै खेलाडीको स्वाब परीक्षण गरिने त्यसको नतिजाका आधारमा प्रशिक्षणमा सहभागी गराइने क्यान अध्यक्ष चन्दले बताउनुभयो । खेलाडी र प्रशिक्षकलाई आवश्यक परेको खण्डमा होटल तथा गेष्ट हाउसमा राख्न सकिने उहाँको भनाइ छ ।

यस अघि क्यानले राष्ट्रिय क्रिकेट टोलीको प्रशिक्षण भदौ १ गतेदेखि थाल्ने योजना बनाएको थियो । कोरोना महामारी बढ्दै गएपछि प्रशिक्षण स्थगन गर्नुपरेको थियो । प्रशिक्षणका लागि क्यानले २४ भन्दा बढी खेलाडीलाई तयारी अवस्थामा रहन निर्देशन दिएको छ । खेलाडी सहभागिताको निर्णय प्राविधिक समितिले गर्नेछ ।


तीनपाटन गाउंपालिका
गाउं कार्यपालिकाको कार्यालय
लाम्पनटार,सिन्धुली
बागमती प्रदेश, नेपाल
मिति : २०७७/०७/२२

**सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

*(प्रथम पटक प्रकाशित मिति २०७७/०७/२२)*

प्रस्तुत विषयमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा-५ अनुसार यस तीनपाटन गाउँपालिकाको आ.व.०७७/७८ को लागि तपसिल बमोजिमको कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद,सेवा, समुह | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | २/०७७/७८ | उद्यम विकास सहजकर्ता | २ | |

***आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव :***

१.क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको, वा
ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा तह ३ उत्तीर्ण गरेको, वा
ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (TSLC) उत्तीर्ण गरेको,
२.दरखास्त दिने स्थान : तीनपाटन गाउँपालिकाको कार्यालय, लाम्पनटार, सिन्धुली ।
३.दरखास्त फाराम पाइने स्थान : तीनपाटन गाउँपालिकाको कार्यालय, लाम्पनटार, सिन्धुली ।
४.उमेर : कम्तिमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको
५.दरखास्त दिने अन्तिम मितिः यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र
६.छनौटको किसिमः प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन, लिखित परीक्षा र अन्तरवार्ता ।
७.आवेदन तथा संलग्न कागजातहरु : आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका प्रतिलिपिहरु
क) नेपाली नागरिकताको प्रतिलिपि ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
ग) चारित्रिक प्रमाणपत्रको प्रतिलिपि घ) सिप परीक्षणको प्रमाणप्रत्रको प्रतिलिपी
ङ) पासपोर्ट साइजको फोटो-२ प्रति
८.सेवा तथा सुविधा : गाउँ कार्यपालिकाको निर्णयबमोजिम हुने ।
नोटः महिला, दलित, आदिवासी जनजाति, मधेशी तथा विपन्न वर्गलाई विशेष ग्राहयता दिने छ ।

....................
*विष्णु प्रसाद सुवेदी*
*प्रमुख प्रशासकीय अधिकृत*

website:- www.tinpatanmun.gov.np


# रोचक प्रसङ्ग

## कुकुर घुमाउने जागिर,लाखौं तलब, पेन्सन,बिमाका सुविधा

कुकुर घुमाउने जागिर, लाखौं तलब, निःशुल्क स्वास्थ्य उपचारको सुविधा र रिटायर भएपछि पेन्सनको समेत सुविधा । सुन्दा अनौठो लाग्छ तर बेलायतको राजधानी लण्डनमा रहेको ल फर्म जोसेफ हेग आरोन्सनले कुकुर घुमाउने कामको लागि नयाँ कर्मचारी भर्ना गर्न विज्ञापन खोलेको छ । डेलीमेलमा प्रकाशित समाचार अनुसार यो कामको लागि छनौट हुने कर्मचारीको काम कुकुर घुमाउने हुनेछ । यो कामको लागि वार्षिक ३० हजार पाउण्ड (४६ लाख नेपाली रुपैयाँ) तलब दिइनेछ । साथमा पेन्सन, जीवन बीमा र निजी मेडिकल र डेन्टल बिमा पनि दिइनेछ । बिहान ९ बजेदेखि बेलुकी ६ बजेसम्म काम गर्नुपर्नेछ ।